# मालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दरवाङ, म्याग्दी

# बार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८२/२०८३

# सारांश विवरण

## माथिल्लो बजेट उपशीर्षक : संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम

| सि.नं. | स्रोत | बजेट | निकासा | खर्च | बाँकी/फिर्ता |
|---|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | ८,८३,००,०००.०० | ८,०७,५०,३५०.०० | ६,९०,४४,३३६.०० | |
| २ | शसर्त अनुदान चालु | २१,०९,९१,०००.०० | १८,६९,७१,३४८.४५ | १८,६९,७१,३४८.४५ | २,०९,८८,६५१.५५ |
| ३ | शसर्त अनुदान पुँजीगत | ६,००,०००.०० | ३,६६,५३२.०० | ३,६६,५३२.०० | २,३३,४६८.०० |
| ३ | विषेश अनुदान पुँजीगत | ८०,००,०००.०० | ४५,९०,७००.०० | ४५,९०,७००.०० | |
| ४ | समपुरक अनुदान पुँजीगत | १,१०,००,०००.०० | ६७,७२,०८०.०० | ६७,७२,०८०.०० | ०.०० |
| **जम्मा** | | **३१,८८,९१,०००.००** | **२७,९४,५१,०१०.४५** | **२६,७७,४४,९९६.४५** | २,१२,२२,११९.५५ |

# प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम

| सि.नं. | स्रोत | बजेट | निकासा | खर्च | बाँकी फिर्ता |
|---|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | १,०७,२२,०००.०० | १,०७,२२,०००.०० | ४३,५१,९८०.०० | ०.०० |
| २ | समपुरक अनुदान चालु | ६०,००,०००.०० | ३६,५८,९२०.०० | ३६,५८,९२०.०० | ०.०० |
| ३ | विशेष अनुदान चालु | ३४,५१,०००.०० | २६,६३,४००.०० | २६,६३,४००.०० | ०.०० |
| जम्मा | | २,०१,७३,०००.०० | १,६८,४४,३२०.०० | १,०६,७४,३००.०० | ०.०० |

# खर्च विवरण

| | शीर्षक | बार्षिक बजेट(रू.) | खर्च(रू.) | खर्च(%) | असार मात्र | आ.व. ०८१/८२ |
|---|---|---|---|---|---|---|
| १ | चालु | ३५,२०,५८,८४९ | २८,८८,४८,९०६ | ८२.०५ | १९.३४ | ७५.९ |
| २ | पुँजिगत | १६,१७,६९,५०० | १०,८९,६९,४१२ | ६७.३६ | ४६.८ | ६५.५३ |
| जम्मा | | ५१,३८,२८,३४९ | ३९,७८,१८,३१८ | ७७.४२ | २७.९८ | ७१.५२ |

# FY : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८३/०३/३२ - क्षेत्रगत वित्तीय विवरण

| क्र.सं. | क्षेत्र | Allocation | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,९३,२५,०००.०० | १,४०,३०,३६१.५२ | ७२.५९ | ५२,९४,६३८.४८ |
| २ | सामाजिक विकास | २७,५१,५५,३४९.०० | २३,६८,०३,७३५.२४ | ८६.०६ | ३,८३,५१,६१३.७६ |
| ३ | पूर्वाधार विकास | ७,८५,९५,०००.०० | ६,१८,७१,०८४.०० | ७८.७२ | १,६७,२३,९१६.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,०५,९६,०००.०० | १,४५,५५,३९०.२० | ७०.६७ | ६०,४०,६०९.८० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२,०१,५७,०००.०० | ७,०५,५७,७४७.७३ | ५८.७२ | ४,९५,९९,२५२.२७ |
| **कुल जम्मा** | | **५१,३८,२८,३४९.००** | **३९,७८,१८,३१८.६९** | **७७.४२** | **११,६०,१०,०३०.३१** |

# राजस्व संकलन विवरण: आन्तरिक राजस्व कार्यालय अनुसार

| सि.नं | राजस्व संकलन गर्ने कार्यालय | आम्दानी |
|---|---|---|
| १ | मालिका गाउँपालिका, म्याग्दी | ४७,६२,७३६.५० |
| २ | मालिका गाउँपालिका,१ नं. वडा कार्यालय, म्याग्दी | ३,४३,५५१.०० |
| ३ | मालिका गाउँपालिका,२ नं. वडा कार्यालय, म्याग्दी | ३,४७,६९६.०० |
| ४ | मालिका गाउँपालिका,३ नं. वडा कार्यालय, म्याग्दी | ३,८७,६६२.०० |
| ५ | मालिका गाउँपालिका,४ नं. वडा कार्यालय, म्याग्दी | ४,५२,४९५.०० |
| ६ | मालिका गाउँपालिका,५ नं. वडा कार्यालय, म्याग्दी | ५,७३,९०२.०० |
| ७ | मालिका गाउँपालिका,६ नं. वडा कार्यालय, म्याग्दी | ७,८२,३९३.०० |
| ८ | मालिका गाउँपालिका,७ नं. वडा कार्यालय, म्याग्दी | ३,२५,८१०.०० |
| **जम्मा** | | ७९,७६,२४५.५० |

# समग्र योजना अवस्था

## आ.व. २०८२/०८३ मा सम्झौता भई सञ्चालन भएका योजनाहरु:


**165**
जम्मा योजना सम्झौता संख्या

**159**
सम्पन्न भएका योजना

**6**
सम्झौता भई सम्पन्न हुन नसकेको

**1**
निर्माणाधीन (झोलुङ्गे पुल)


## भुक्तानी अवस्था




# श्रेणीगत योजना विवरण

| माध्यम | योजना संख्या | बजेट | खर्च |
|---|---|---|---|
| उपभोक्ता समिति मार्फत | 123 | रु. 5,0764700 | रु. 44214427.86 |
| वि. / स्वा.चौकी व्य.स. मार्फत | 27 | रु. 9055000 | रु. 8629615 |
| कोटेशन मार्फत | 5 | रु. 5600000 | रु. 4384523.28 |
| संघ संस्था मार्फत | 4 | रु. 1650000 | रु. 1596494 |
| कार्यक्रम तर्फ (अन्य) | 12 | रु. 1760000 | रु. 1739881 |
| **जम्मा** | **171** | **रु. 6,88,29,700** | **रु. 6,05,64,941.14** |

# वडागत विवरण


वडागत विनियोजित बजेट
7200000
8160000
8850000
13220000
9500000
13160000
8930000
वडा १
वडा २
वडा ३
वडा ४
वडा ५
वडा ६
वडा ७



वडागत सम्पन्न योजना संख्या
30
25
20
15
10
5
0
15
20
28
28
23
28
17
वडा १
वडा २
वडा ३
वडा ४
वडा ५
वडा ६
वडा ७

# सामाजिक सुरक्षा भत्ता वितरण

## आर्थिक वर्ष २०८२/०८३

**कुल वितरण रकम**
**रु. ११,१६,०२,२२१**


| किसिम | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा लाभग्राही (संख्या) | जम्मा रकम (रु.) |
|---|---|---|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | ११,१५,२००० | ११,१५,७३३३ | ११,८५,१३५२ | ११,७०,१५४८ | १६४६ | ७,१४,६२,२३३ |
| जेष्ठ नागरिक भत्ता (दलित) | २,४२,२२६० | २,१०,०११८ | २,१३,१४१२ | २,१८,६०६५ | ३७८ | १,१६,३१,१३५ |
| जेष्ठ नागरिक एकल महिला | १४,०१,४०० | १५,१३,५४० | १५,५६,१०० | १५,४८,१२० | ११४ | ६०,२७,५६० |
| विधवा | १८,११,४४० | १८,२४,७६० | १८,७८,७८३ | ११,०४,५६० | २३१ | ७४,२७,५४३ |
| पूर्ण अपाङ्गता भत्ता | १,११,५२० | २,०३,४१० | २,०७,४४० | २,०३,४१० | १७ | ८,०५,१४० |
| अति अशक्त अपाङ्गता भत्ता | ८,०२,७८८ | ८,१७,१५२ | ८,२१,१२० | ८,५३,३२८ | १३५ | ३३,०३,१८८ |
| दलित बालबालिका | ७,०३,७१८ | ७,२४,०३६ | ७,४८,६४७ | ७,५१,३४१ | ४१३ | २१,३५,७१० |
| **जम्मा** | **२७,७०,१५२६** | **२७,१४,०५०१** | **२८,००,३६१४** | **२७,१५,६५००** | **३१०२** | **११,१६,०२,२२१** |

### त्रैमासिक अनुसार भत्ता वितरण रकम (रु.)




आ.व. २०८२/०८३ मा कुल रु. **११,१६,०२,२२१** भत्ता वितरण गरिएको ।

### किसिम अनुसार जम्मा वितरण रकमको प्रतिशत



# व्यक्तिगत घटनादर्ता तर्फ

## आ.ब.२०८२/०८३ व्यक्तिगत घटनादर्ताको विवरण

| वडा नं. | जन्म | मृत्यु | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७२ | २० | ८ | ३२ | | | ३ | ७ | १३५ |
| २ | ७० | ४३ | ३ | ५१ | २ | ३ | ३ | ९ | १७२ |
| ३ | ६६ | २० | ८ | ३३ | | | ५ | १२ | १३२ |
| ४ | ५६ | २१ | २ | ३० | | | १२ | ४१ | १२१ |
| ५ | ८६ | ४४ | १० | ४० | | | ५ | २२ | १८५ |
| ६ | ७७ | २२ | ११ | ३६ | ३ | ६ | ६ | २५ | १५५ |
| ७ | ३८ | १४ | १३ | १४ | १ | १ | ८ | २८ | ८८ |
| जम्मा | ४६५ | १८४ | ५५ | २३६ | ६ | १० | ४२ | १४४ | ९८८ |




- वडा नं. ५ मा सबैभन्दा धेरै १८५ वटा व्यक्तिगत घटना दर्ता भएका छ।
- त्यसपछि वडा नं. २ मा १७२ र वडा नं. ६ मा १५५ वटा दर्ता भएका छ।
- वडा नं. ७ मा सबैभन्दा कम ८८ वटा दर्ता भएका छ।
- कुल व्यक्तिगत घटना दर्ता: ९८८ वटा।

# स्वास्थ्य शाखा- वित्तीय प्रगती 082/83

| बजेट | विनियोजित बजेट | निकासा बजेट | बजेट खर्च (%) |
|---|---|---|---|
| सर्शत अनुदान | ३,९९,२०,०००/- | ३,५१,७६,४७०/- | ८८.११ |
| सामानिकरण अनुदान | _ | _ | _ |
| विशेष अनुदान | _ | _ | _ |
| आन्तरिक श्रोत | १,०७,५०,०००/- | ६३,५३,३०३/- | ५९.१ |
| अन्यकोषहरु | _ | _ | _ |
| जम्मा | ५,०६,७०,०००/- | ४,१५,२९,७७३/- | |
| | | | |

# स्वास्थ्य शाखा-वार्षिक प्रगति विविरण

- मालिका गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट जम्मा ३३४१८ जना सेवाग्राहीहरुले सेवा पाएका छन्, जसमध्ये महिला १९८९२ जना र पुरुष १३५२६ जना रहेका छन् । ३६०३ जना ७० वर्ष माथीका ज्येष्ठ नागरिकहरुले सेवा लिएका छन् ।
- यस आ .व २०८२/०८३ मा ६ वटा गाउँघर क्लिनिकबाट ९५० जनालाई सेवा दिईएको छ ।
- यस आ .व मा १६ वटा खोप क्लिनिक/सेसनबाट १७१६जना लाई सेवा दिईएको छ ।जसमध्ये १७५जनाले वि.सि.जी. खोप लगाएका छन भने २१७ जना वालबालिकाहरुले पूर्णखोप पाएका छन्, साथै सोही सेसनमा संचालन भएको सरसफाई प्रवर्दन कार्यक्रमा १८८९जना सहभागी भएका थिए ।
- यस आ ।व मा ५४ जना महिला सामुदायीक स्वास्थ्य स्वयम् सेविकाहरुले ८१५२ जनालाई सेवा दिएका थिए ।
- यस आ ।व २०८२/०८३ मा २ महिना मुनिका २७ जना र २ महिनादेखि ५ वर्षसम्मका १९८१जना बालबालिकाहरुले सेवा लिएका छन् । जसमा७६४ जना स्वासप्रस्वास र १५० जना झाडापखालाका विरामी थिए ।

# स्वास्थ्य शाखा

- पोषण सेवा अन्तर्गत १६१ जना नयाँ बालबालिकाहरुले पहिलो पटक बृद्दी अनुगमन गरेका छन् भने ० देखि ११ महिनाको १३१२ जना र १२ देखि २३ महिनाको १०७६ जना बालबालिकाहरुले दोहोर्याएर बृद्दी अनुगमन गरेका छन् ।
- यस आ .व मा  १७२ जना गर्भवती महिलाहरुले पहिलो आईरन चक्की खाएका छन् भने १६२ जना गर्भवती महिलाहरुले १८० आईरन चक्की खाईसकेका छन् ।
- यस आ .व मा  मालिका गाउँपालिका अन्तर्गतका ५ वटा बर्थिंग सेन्टरहरुबाट जम्मा ११५ जना सुत्केरी महिलाहरुले सेवा पाएका छन । जसमध्ये २० वर्षमुनिका २५ जना र २० वर्षमाथीका  ९० जना रहेका छन् । घरमा सुत्केरी हुने महिलाहरुको संख्या ० रहेको छ ।
- यस आ .व मा  परिवार नियोजन सेवा अन्तर्गत २२,२१४ गोटा कन्डम वितरण गरिएको थियो, त्यस्तै पिल्स प्रयोगकर्ता २९ जना, डिपो प्रयोगकर्ता ९० जना , ईम्प्लानट २६४ जना, आई.यु.सी.डी १५  र सायना प्रेस ८६  जना रहेका छन् ।
- यस आ .व मा  जम्मा ६५ जनाको शंकाशपद क्षयरोगको खकार परिक्षण गरिएको छ , क्षयरोगका १३ जना  विरामी नियमित उपचार पाईरहेको देखिएको छ ।

- यस आ .व मा  ११५ जना महिलाहरुले सुरक्षित गर्भपतन सेवा लिएका छन्  जसमा ५ जना २० बर्ष मुनिका रहेका हुनुहुन्छ र छोटो प नि  साधन प्रयोग गर्ने ९५ जना र  लामो प नि सनधन प्रयोग गर्ने १८ ।
- यस आ .व मा  दरबाङ्ग नागरिक आरोग्य केन्द्रबाट सेवा १२५९ महिला र १७७३ पुरुषले सेवा पाइरहेका छन ।
- यस आ .व मा   दरबाङ्ग आँखा उपचार केन्द्रबाट  ४६१ महिला र ३३१ जनाले सेवा पाइरहेका छन ।
- ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रमबाट ४२९ जनाले सेवा पाइरहेका छन भन्ने ५ जना रिफर भएर अन्य अस्पतालबाट सेवा लिइरहेका
- यस आ .व मा   नर्सने रोगको निशुल्क शिविरबाट सेवा प्राप्त गर्नेको संख्याः महिला ३१३ जना र पुरुष१५३ गरी ४६६ जनाले सेवा दिनु भएको छ , जसमा  ३१ जनामा बल्ड सुगर  र प्रोटिन युरिनमा देखिएको थियो र उच्च बल्ड प्रेसर महिला ३५ जना महिलामा र पुरष ४६ जनामा रहेको पाइयो ।बिएम आइ ८५ प्रतिशत जतिमा बढि रहेको पाइयो ।
- यस आ .व मा    दरबाङ्ग आधारभुत अस्पतालमा मालिका गाउँपालिका दरबाङ्ग र कल्प वमेन इम्पावर नेपालको आयोजनामा निशु:ल्क भिआइ शिविर ३ दिन संचालनमा ४५२ जनाले सेवा पाउनु भएको र जस मध्ये  cervical polype7 जना , cervical erogen 7 जना , uterus prolapse 7 जना , Cystocil 1 जना , VIA reactive  1  जनामा रहेको पाइयो ।
- यस आ .व मा  निशुःल्क आँखा जाँच शिविर दरबाङ्ग आधारभुत अस्पतालमाबाट  ७५ जनाले सेवा लिनु भएको जसमा १० जनालाई आँखाको शल्यकृयाका लागि रिफर गरीएको थियो ।

- यस आ .व मा  दरबाङ्ग आधारभुत अस्पतालमा निशुल्क दन्त रोग शिविर  २ पटक संचालन गरीएको  थियो ।
- यस आ .व मा  राष्ट्रीय भिटामिन ए र जुकाको औषधी बितरण  कार्यक्रम बर्षमा २ पटक ६ महिना देखी ५ बर्ष सम्मका बालबालिकाहरुलाई महिलासामुदायिक स्वास्थ्य स्वंयम सेविकाहरु मार्फत खुवाउने कार्यक्रम सम्पन्न गरीएको जसबाट लाभान्वित संख्या कार्तिकमा भिटामिन ए ११३९ र जुकाको औषधी  १०२३ जना र बैशाखमा  भिटामिन ए ११२७ जुकाको औषधी खाने संख्या१००२  जना  रहेको छ ।
- यस आ.व.मा  मंसिर र जेठ महिनामा बिधालयका सम्पुर्ण बालबालिकाहरुलाई जुकाको औषधी बितरण गरिएको थियो  जसमा खाने संख्या मंसिरमा छात्रा १९०७ र छात्र १९४३ रहेको छ भने बैशाखमा छात्रा १६६९ र छात्र १६५६ जना रहेको छ ।
- यस आ .व मा  किशोरीहरुलाई बिधालयबाट बितरण गरिने  आइरन र फोलिक एसिड टयाबलेट चक्की कार्यक्रम बर्षमा श्राबण देखि असोज सम्म १३ हप्ता खुवाउने  फेरी  माघ देखि चैत्र सम्म १३ हप्ता खुवाउने गरी जम्मा १ जना किशोरीलाई २६ हप्तामा २६ वटा आइरन  खुवाउने  कार्यक्रम सम्पन गरीएको छ  जसमा सेवा प्राप्त गर्ने किशोरीहरको संख्या पहिलो चरणमा ११०८ र दोस्रो चरणमा ९९० जना किशोरीहरुले आइरन र फोलिक चक्की पाइरहेका छन ।
- यस आ.व.मा विद्यालय केन्द्रित एच.पि.भि. खोप कार्यक्रम सामुदायिक १५ वटा र निजि ३ विद्यालयबाट सञ्चालित कार्यक्रमबाट कक्षा ६ मा अध्ययन गर्ने १७८ जना छात्राहरुले एच.पि.भि. खोप प्राप्त गरेका छन् ।

# शिक्षा, युवा तथा खेलकुद शाखा तर्फको बित्तीय प्रगति विवरण

| क्र. स. | कार्यक्रम | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | सङ्घीय सरकारबाट हस्तान्तरित विविध कार्यक्रम | १५,८४,७१,०००।- | १४,२४,९८,८५७।- | ८९.९२% |
| २. | गाउँपालिका तथा वडा अन्तर्गतका विविध कार्यक्रम | २,८९,१७,८४९।- | २,२५,७९,०२६।- | ७८.०७% |
| कुल जम्मा | | १८,७३,८८,८४९ ।- | १६,५०,७७,८८३ ।- | ८३.९४% |

**स्थानीय तहको शिक्षा क्षेत्रको आवधिक योजना निर्माण-** मालिका गाउँपालिका शिक्षा क्षेत्र योजना २०८१/०८२-०८५/८६ निर्माण भै कार्यान्वयनमा रहेको साथै वेभ साइटमा प्रकाशित गरिएको।

**शैक्षिक तथ्याङ्क व्यवस्थापनः-** EMIS शैक्षिक सफ्टवयेरमा विद्यालयहरुले समयमै तथ्याङ्क व्यवस्थापन गर्ने गरेको र गाउँपालिका मार्फत उक्त तथ्याङ्कमा सत्यापन तथा आवश्यक पृष्ठपोषण हुने गरेको।

- गाउँपालिका अन्तर्गतका सम्पुर्ण सामुदायिक विद्यालयको लागि **मासिक तलबभत्ता**, विद्यार्थी दिवाखाजा, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, प्रति विद्यार्थी प्रति लागत अनुदान, इन्टरनेट अनुदान र पाठ्यपुस्तक अनुदान लगायतका विभिन्न खर्च रकम विद्यालयको खातामा समयमै निकासा पठाई कार्यान्वयन भएको ।
- सामुदायिक विद्यालयहरुको आ.व. २०८१–०८२ को आर्थिक कारोबारको लेखा परिक्षण गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ ज. को बुँदा नम्बर २१ को अधिकारको प्रयोग गरी विद्यालयको लेखा परिक्षण कार्य सकिएको ।
- शैक्षिक सत्र २०८२ मा सम्पुर्ण स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन राष्ट्रिय किताबखाना (शिक्षक)-काठमाडौं मार्फत प्रमाणित गरि अभिलेख राखिएको ।

- आर्थिक वर्ष २०८१/८२ को स्थायी शिक्षकहरुको सम्पत्ति विवरण राष्ट्रिय कितावखाना (शिक्षक)-काठमाडौंमा पेश गरिएको साथै अस्थायी/करार शिक्षकहरुको सम्पत्ति विवरण गाउँपालिकामा दर्ता गरि अभिलेख राखिएको र आर्थिक वर्ष २०८२/८३ को सम्पत्ति विवरणको लागि विद्यालयलाई सूचना भै प्रक्रियामा रहेको ।

- शैक्षिक सत्र २०८२ को स्थायी शिक्षकहरुको कार्य सम्पादन मूल्यांकंन तर्फ प्राथमिक तृतीय श्रेणी ५७ जना, प्राथमिक द्वितीय श्रेणी ६ जना, निम्न माध्यमिक तृतीय श्रेणी ११ जना, माध्यमिक तृतीय श्रेणी १२ जना र माध्यमिक द्वितीय श्रेणी २ जना गरी ८८ जना स्थायी शिक्षकहरुको कार्य सम्पादन मूल्यांकंन कार्य सकी शिक्षा विकास तथा समन्वय इकाई, म्याग्दीमा पेश गरीएको साथै गाउँपालिकामा विद्यालयको दर्ता नं. र तह/श्रेणी अनुसार अभिलेख राखिएको ।

- “समृद्ध ग्रामीण नेपालको लागि शैक्षिक उन्नयन “LEARN” संस्थाको आयोजना र गाउँपालिकाको समन्वयमा मिति २०८२/०६/२४ देखी २९ गतेसम्म ६९ जनाको कोटा सङ्ख्यामा आधारभूत तह १-८ मा अध्यापनरत वार्ड न.५, ६ र ७ का शिक्षकहरुलाई “शिक्षण सिकाई सामाग्री निर्माण र कक्षाकोठा व्यबस्थापन” सम्बन्धी ६ दिने शिक्षक तालिम सञ्चालन भै उक्त कार्यक्रमको LEARN र पालिकाद्धारा अनुगमन र पृष्ठपोषण प्रदान गरिएको ।

- पालिका तथा जिल्लास्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन भई सम्पन्न भएको ।

- माध्यमिक तहका विद्यालयका प्रधानाध्यापकहरुको लागि शैक्षिक गुणस्तर अभिवृद्धि सम्वन्धी अन्तरकिया कार्यक्रम शिक्षा विकास तथा समन्वय इकाई, म्याग्दी र पालिकाद्धारा सञ्चालन तथा आवश्यक पृष्ठपोषण प्रदान गरिएको ।

- विद्यालयलाई माग अनुसार समयमै सेनेटरी प्याड, विद्यार्थी मूल्याकन सामग्री, होमवर्क डायरी, शैक्षिक सामग्री उपलव्ध गराईएको ।

- ReAL Plan Pre & Post Test सञ्चालन, गाउँपालिका अन्तर्गतका सम्पुर्ण सामुदायिक विद्यालयले पालिका स्तरिय अन्तिम परिक्षा चैत्र ८ देखी १७ गतेसम्म सञ्चालन गरि विद्यार्थीहरुको सिकाई मूल्याकंन तथा २५ गते नतिजा प्रकाशन एवम् पालिका स्तरमा शैक्षिक सरोकारवालाहरुसँग विगत तिन वर्षको नतिजा विश्लेषण तथा आवश्यक कार्यनीति तय गरी सार्वजनिक गरिएको ।

- गाउँपालिका अन्तर्गत वडा नं. १, ५, ६ र ७ का ५३७ जना विपन्न विद्यार्थीहरुका लागि ६ प्रकारका शैक्षिक सामग्रीहरु वितरण गरिएको ।

- गाउँपालिका अन्तर्गतका सम्पुर्ण माध्यमिक तथा केही आधारभुत विद्यालयमा शिक्षा विकास तथा समन्वय इकाई, म्याग्दी र  शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत चेक लिस्ट अनुसार विद्यालयको शैक्षिक, भौतिक, आर्थीक तथा वातावरणीय पक्षको अनुगमन तथा निरिक्षण गरि आवश्यक पृष्ठपोषण प्रदान गरिएको ।

- पालिका स्तरीय बाल प्रतिभा पहिचान कार्यक्रम तथा कक्षा ५, ८ र १० मा उत्कृष्ट हुने विद्यालय तथा विद्यार्थीलाई सम्मान एवम् पुरस्कार वितरण गरिएको ।

- EMIS अपडेट, EMIS मा मार्क्स तथा आवश्यक विवरण इन्ट्री, शिक्षक तालिम, प्रधानाध्यापक वैठक एवम् गाउँ शिक्षा समितिका बैठकहरु सञ्चालन भएको ।

- एकीकृत पाठ्यक्रम सम्वन्धी कष्टमाईज्ड तालिम सञ्चालन, एकीकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली **(EMIS)** सम्वन्धी तालिम सञ्चालन, गाउँपालिका अन्तर्गतका सम्पुर्ण विद्यालयहरुमा शिक्षक, अभिभावक तथा विद्यार्थीको लागि विद्यालय उत्प्रेरणा कार्यक्रम सञ्चालन, प्रधानाध्यापकहरुसँगको नियमित छलफल तथा सम्पर्क मार्फत आवश्यक सहजिकरण हुने गरेको ।
- नेपाली र मगर खाम भाषामा निर्माण भएको स्थानीय पाठ्यपुस्तक कक्षा १-३ र स्थानीय पाठ्यक्रम कक्षा १-८ लाई स्विकृत गरी शैक्षिक सत्र २०८३ बाट कार्यान्वयनमा ल्याईएको ।
- शैक्षिक सत्र २०८३ को लागि ३ वटा विद्यालयमा नँया कक्षा थपको निर्णय, आवश्यकता अनुसार शिक्षक दरवन्दी मिलान तथा सरुवा तथा शैक्षिक पात्रोको निर्माण गरी शैक्षिक कृयाकलाप सञ्चालन गरिएको तथा शाखाका विभिन्न शैक्षिक प्रशासनिक कामकाजहरु नियमित भएको ।

# पशुपन्छी विकास शाखा-मूख्य कार्यक्रमहरुको उपलब्धी

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रु हजारमा | खर्च रु हजारमा | उपलब्धीहरु |
|---|---|---|---|---|
| १. | कृत्रिम गर्भाधान (तरल नाइट्रोजन सिमेन,ग्लोभ सिथ खरिद तथा ढुवानी) | 50 | 50 | ▪ गाई/भैसीमा कृत्रिम गर्भाधान कार्यक्रम संचालन भई रहेको<br>▪ पोखराबाट तरल नाइट्रोजन खरिद गरी ढुवानी भएको<br>▪ हाल सम्म 103 वटामा कृ.ग भएको |
| 2. | कुकुर बन्ध्याकरण | 200 | 200 | ▪ हार्ट पोखरासंगको समन्वयमा 104 कुकुरहरुलाई बन्ध्याकरण तथा रेविज विरुद्ध खोप दिइएको<br>▪ 36 पोथि र 68 भाले कुकुर |
| 3. | नमुना बाख्रापालन टोल निर्माण | 200 | 1.906 | ▪ समूह छनौट तथा समझौता भई 7 वटा खोर निर्माण भएको |
| 4. | भेटेरिनरी औषधी खरिद खर्च | 500 | 4.946 | ▪ औषधी खरिद भई कृषकहरुलाई वडा न.2,4,7 र शाखाबाट वितरण भइरहेको। |
| 5. | रेन्बो ट्राउट फार्म(नर्सरी) | 500 | 4.839 | ▪ कृषक छनौट तथा सम्झौता भई निर्माण भएको |
| 6. | आकास्मिक रोग नियन्त्रण | 100 | 0.816 | ▪ बायोसेक्युरीटीका लागि औषधी वितरण भएको |

# पशुपंक्षी विकास शाखा

| सि.न. | कार्यक्रम विवरण | ईकाइ | हाल सम्मको बार्षिक प्रगति |
|---|---|---|---|
| १ | कृत्रिम गर्भाधान | संख्या | 103 |
| १.१ | गाइ | ,, | 25 |
| १.२ | भैंसी | ,, | 77 |
| १.३ | बंगुर | | 1 |
| २ | पशु स्वास्थ्य कार्यक्रम | ,, | |
| २.१ | मेडिकल उपचार | ,, | 13006 |
| २.२ | माइनर सर्जिकल उपचार | ,, | 84 |
| २.३ | गाईनोक्लोजिकल उपचार | ,, | 46 |
| ३.१ | खोप कार्यक्रम | ,, | |
| ३.१ | ए.आर.भि | ,, | 723 |
| ३.२ | खोरेत | ,, | 5336 |
| ३.३ | एच.एस/वि.क्यु | ,, | |
| ३.४ | स्वाइन फि. | | 156 |
| ३.५ | लम्पी | | 24 |
| ३.६ | पि.पि.आर | | 6030 |

| ४ | प्रयोगशाला सेवा तथा अन्य सेवा | संख्या | |
|---|---|---|---|
| ४.१ | गोवर परिक्षण | 35 | |
| ४.२ | थुनेलो परिक्षण | 12 | |
| ४.३ | शव परिक्षण | 4 | |
| ४.४ | गर्भ परिक्षण | 31 | |
| ५ | पशु बन्ध्याकरण | | |
| ५.१ | बहर | 20 | |
| ५.२ | बोका | 60 | |
| ५.३ | बंगुर | 14 | |
| ५.४ | कुकुर | 104 | |

## अन्य कार्यक्रमहरु:

- नमुना बाख्रनपालन टोल निर्माण कार्यक्रमः खोर निर्माण गरी लाभांवित संख्याः 7
- रेन्बो ट्राउट फर्म  नर्सरी स्थापनाः लाभांवित संख्याः 1
- भकारो सुधार कार्यक्रमः लाभांवित संख्याः 1
- च्याफकटर वितरणः लाभांवित संख्याः4
- पशु स्वास्थ्य शिविरः पटक 1

# कृषि शाखा

## आर्थिक वर्ष २०८२/०८३ वार्षिक प्रगति विवरण

आर्थिक वर्ष २०८२/०८३ मा मालिका गाउँपालिकाको आन्तरिक स्रोत तथा नेपाल सरकारबाट प्राप्त संघीय सशर्त अनुदानका कार्यक्रम अन्तर्गत विभिन्न कृषि विकास कार्यक्रमहरू सञ्चालन गरिएका छन्। जम्मा विनियोजित बजेट र जम्मा खर्च यसप्रकार रहेको छ।

| रु. ३७,८९,००० | रु. ५६,००,००० | रु. ९३,८९,००० | रु. ६३,९०,३४४ |
|---|---|---|---|
| गाउँपालिका आन्तरिक स्रोत - विनियोजित बजेट | संघीय सशर्त अनुदान - विनियोजित बजेट | कुल विनियोजित बजेट (दुवै स्रोत) आन्तरिक+संघीय | कुल कार्यालय खर्च (दुवै स्रोत) आन्तरिक+संघीय |

# गाउँपालिका र संघीय स्रोतबाट विनियोजित कृषि कार्यक्रमहरुको वित्तीय प्रगति विवरण

## गाउँपालिका तर्फका मुख्य मुख्य कार्यक्रमहरु र वित्तीय प्रगति विवरण

| कार्यक्रमको नाम | विनियोजित बजेट | कार्यालय खर्च | खर्च % | कैफियत |
|---|---|---|---|---|
| ट्र्याक्टर/ टनेल/ मेसिनरी खरिद वितरण | २७८९००० | २७०८९७० | ९७.१७ | ६०% अनुदान |
| विरुवा खरिद तथा वितरण | ६००००० | ४२६०६० | ७१.०१ | ५०% अनुदान |
| कृषिजन्य बीउ तथा विषादी खरिद | २,००,००० | १,९७,९०० | ९८.९५% | निशुल्क |
| फलफूल तथा तरकारी नर्सरी स्थापना | २,००,००० | ५५,४६९ | २७.७३% | ६०% अनुदान |
| **जम्मा (आन्तरिक स्रोत)** | **३७,८९,०००** | **३३,८८,३९९** | **८९.४३%** | |

## संघीय सशर्त अनुदान तर्फको कृषि शाखाको वित्तीय प्रगति विवरण

| विनियोजित बजेट | कार्यालय खर्च | खर्च % |
|---|---|---|
| ५६,००,००० | ३०,०१,९४५ | ५३.६०% |

# कृषि विकास शाखा प्रमुख उपलब्धी - यान्त्रिकीकरण तथा टनेल

हाते ट्र्याक्टर, मिनि टिलर, मिल/थ्रेसर र प्लाष्टिक टनेल वितरण

## हाते ट्र्याक्टर/ मिनि टिलर वितरण

गाउँपालिका आन्तरिक स्रोतबाट **७२** वटा हाते ट्र्याक्टर र १ वटा मिल ६०% अनुदानमा वितरण। संघीय सशर्त अनुदानबाट थप २ मिनि टिलर, ३ मिल, ३ थ्रेसर र १ कर्न सेलर ५०% अनुदानमा वितरण। **समग्रमा ७४ मिनि टिलर, ३ मिल, ३ थ्रेसर र १ कर्न सेलर** वितरण गरी ७० कृषक घरधुरी र ५ कृषक समूह लाभान्वित भएका छन्।

## प्लाष्टिक टनेल खरिद तथा वितरण

वडा नं. १, २, ६ र ७ का **६७** जना छनौट भएका कृषकलाई ६०% अनुदानमा प्लाष्टिक टनेल वितरण गरी बेमौसमी तरकारी खेती र मौसमी प्रतिकूलताबाट बाली संरक्षणमा टेवा पुगेको छ।

# बाली प्रवर्द्धन कार्यक्रमहरुको उपलब्धी

- **रैथाने बाली प्रवर्द्धन कार्यक्रम -** १५ सहभागीलाई रैथाने बालीको संरक्षण तथा महत्व सम्बन्धी १ दिने तालिम र २५ सहभागीलाई परिकार विविधिकरण सम्बन्धी २ दिने तालिम प्रदान गरिएको छ। ३ कृषक समूहलाई थ्रेसर/मिनिटिलर/मिल ५०% अनुदानमा वितरण गरिएको छ र यस कार्यक्रममा करिब ६० जना कृषक प्रत्यक्ष लाभान्वित भएका छन्।

- **राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम -** ४ समूह/फर्मलाई सिंचाई पूर्वाधार (पानी ट्याङ्की) निर्माण गरिएको छ, करिब ३५ घरधुरीलाई २०० रोपनी भन्दा बढी क्षेत्रफलमा सिंचाई सुविधा विस्तार गरिएको छ। ४ फर्म/ समूहलाई बगैँचा व्यवस्थापन सामाग्री- जस्तैः सुन्तला टिप्ने भर्याङ्ग, मोहनी पासो, सिकेचर, क्रेट लगायतका सामाग्री वितरण गरिएको छ। र ३,४७० बिजु विरुवा ५०% अनुदानमा ४२ कृषकलाई वितरण गरिएको छ।

- **मध्य पहाडी मकैबाली प्रवर्द्धन कार्यक्रम** – १ कृषि फर्मलाई २० रोपनी क्षेत्रफलमा सिंचाई सुविधा प्रदान गर्ने गरी पानी टंकी निर्माण गरिएको छ; १ कृषक समूह लाई मकै घोग्याउने मेसिन र मिनि टिल ५० % अनुदानमा वितरण गरिएको छ।

- **सुन्तला विरुवा (कलमी/बिजु) खरिद तथा वितरण -** जम्मा १०,६१२ वटा सुन्तला विरुवा ५०% अनुदानमा गाउँपालिका भरका ८१ जना कृषकलाई वितरण गरी बगैँचा विस्तार गरिएको छ। यस आ.व मा अनुमानित ६५०-७५० रोपनी क्षेत्रफलमा सुन्तला खेती विस्तार भएको छ।

# अन्य कृषि  कार्यक्रमहरुको उपलब्धी

- **खाद्यान्न बालीको बीउ उपयोगमा अनुदान -** 340 के.जी. WK-1204 जातको गहुँ बीउ, 431 के.जी. मनकामना-3 मकै बीउ र 141 के.जी. खुमल बासमती-04 धान बीउ करिब ४५ कृषकलाई वितरण गरिएको छ।

- **फलफूल तथा तरकारी नर्सरी स्थापना-** कार्यक्रम अन्तर्गत मालिका-05 ओखलढुङ्गामा सुन्तला नर्सरी का ७*१८ वर्ग मि, वार्षिक 2500-3000 विरुवा उत्पादन क्षमताको  यूभी टनेल स्थापना गरिएको


- **बीउविजन तथा विषादी खरिद तथा वितरण कार्यक्रम-** यस कार्यक्रम अन्तर्गत विभिन्न तरकारी बालीको बीउहरु खरिद गरी माग संकलन भएका 64 कृषि फर्म/कृषक समूह/ कृषकलाई वितरण गरिएको। रोगकिरा व्यवस्थापनका लागी यस कार्यालयमा सम्पर्क गरेका 138 कृषकलाई जैविक तथा रसायनिक विषादी परामर्श सहित वितरण गरेको

- **कृषि पशु तथा मत्स्य तथ्याङ्क अद्यावधिक  कार्यक्रम** – २०० वटा listing phase को तथ्याङ्क संकलन गरिएको छ।

- **फिल्ड भिजिट** – विभिन्न समयमा यस गाउँपालिकाको 7 वटै वडाहरुमा फिल्ड भिजिट गरी रोगकिरा तथा बगैँचा व्यवस्थापन सम्बन्धी जानकारी प्रदान गरिएको छ।

# आ.व. २०८२/०८३ मा सीप, रोजगार तथा उद्यमशीलता केन्द्र मार्फत सम्पादन गरिएका क्रियाकलाप/कार्यक्रमहरुको प्रगति विवरण

## कार्यक्रम अनुसार




| | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम | लघु उद्यम विकास कार्यक्रम | सामी कार्यक्रम |
|---|---|---|---|
| विनियोजित बजेट | ३६२२००० | ४३०००० | २०४००० |
| खर्च | ३५९१३८१ | ३४०१६० | १२१०२० |
| खर्च प्रतिशत | ९९.१५ | ७९.११ | ५९.३२ |

# आ.व. २०८२/०८३ मा सीप, रोजगार तथा उद्यमशीलता केन्द्र मार्फत सम्पन्न गरेका मुख्य-मुख्य क्रियाकलापहरु तथा उपलब्धीहरु:-

- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम तथा मालिका गाउँपालिकाको लागत सहभागितामा आ.ब. २०८२/०८३ का लागि छनौट भएका १३ वटा योजनाहरुमा आवद्ध ९४ जना बेरोजगार व्यक्तिहरुले औसत ९१ दिन रोजगार प्राप्त गरेका छन् ।
- सम्पन्न भएका योजनाहरु मार्फत स्थानीय स्तरमा ४१६४ वटा सिडी, ३६६४.२ मिटर सोलिङ र १०५७.७ मिटर सुख्खा पर्खाल निर्माण भएको छ जस मध्य १४१ वटा सिमेन्टेड सिडी निर्माण र १५०.८ मि. सिमेन्टेड पर्खाल निर्माण भएको छ ।
- ७१७ जना बेरोजगार व्यक्तिहरुको विवरण रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्टी गरिएको छ ।
- वैदेशिक रोजगारीमा मृत्यु भएका व्यक्तिहरुको सन्तानका लागि छात्रवृत्ति उपलब्ध गराउन आधारभूत तहमा अध्ययनरत १० जना विद्यार्थीहरुको कागजातहरु वैदेशिक रोजगार बोर्डको सचिवालयमा पेश गरिएको छ ।
- वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका मालिका गाउँपालिका वडा नं. ५ का २ जना र मालिका गाउँपालिका वडा नं. ६ का १ जना गरी ३ जना श्रमिकको परिवारलाई क्षतिपूर्ति स्वरुपको रकम उपलब्ध गराउन आ.व. २०८१/०८२ मा निवेदन पेश गरेकोमा आ.व. २०८२/०८३ मा जनही १०,००,०००/- को दर वैदेशिक रोजगार बोर्ड मार्फत उक्त रकम गराउन सफल भएको छ ।

# आ.व. २०८२/०८३ मा सीप, रोजगार तथा उद्यमशीलता केन्द्र मार्फत सम्पन्न गरेका मुख्य-मुख्य क्रियाकलापहरु तथा उपलब्धीहरु

- वैदेशिक रोजगारको क्रममा मृत्यु भएको र श्रम स्वीकृती पनि समाप्त भएको १ जना श्रमिकको परिवारलाई काजक्रिया बापत पाउने रकम उपलब्ध गराउन वैदेशिक रोजगार बोर्डमा पेश गरिएको छ ।
- आन्तरीक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशिलता प्रवर्द्धन कार्यक्रम तर्फ मालिका गाउँपालिकाको लागत साझेदारीमा २१ जनालाई हाते ट्याक्टर मर्मत सम्बन्धी सीपमूलक तालिम सम्पन्न गरिएको जसमा ७ बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई तालिममा सहभागी भएको छ ।
- मालिका गाउँपालिका वडा नं. ६ मा १० जना महिलाहरुको सहभागितामा १० दिने मादल वादन तालिम सम्पन्न गरिएको छ ।
- सुरक्षित आप्रवासन (सामी) कार्यक्रम चौथो मोडालिटी सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- सामी कार्यक्रम अन्तर्गत समुदाय स्तरमा रोजगार सेवा केन्द्र मार्फत वैदेशिक रोजगार सम्बन्धि सेवाको सूचना प्रवाह कार्यक्रम १८ इभेन्ट सम्पन्न भएको छ ।
- विभिन्न सामाजिक, पारिवारिक, मानसिक तनाव तथा व्यक्तिगत समस्याबाट प्रभावित १० (दश) जना सेवाग्राहीलाई आवश्यक मनोसामाजिक परामर्श प्रदान गरिएको छ।

# आ.व. २०८२/०८३ मा सीप, रोजगार तथा उद्यमशीलता केन्द्र मार्फत सम्पन्न गरेका मुख्य-मुख्य क्रियाकलापहरु तथा उपलब्धीहरु

## ➢श्रम स्वीकृती विवरण

| देश/वडा | वडा नं.१ | वडा नं.२ | वडा नं.३ | वडा नं.४ | वडा नं.५ | वडा नं.६ | वडा नं.७ | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| मलेसिया | १ | २ | ९ | ५ | ५ | १ | ० | १ | २४ |
| यूएई | ३ | ५ | १ | ३ | १ | ५ | २ | ० | २० |
| साउदी अरेबिया | ३ | ८ | ० | २ | ४ | ५ | ३ | १ | २६ |
| क्रोसिया | १ | ० | ० | ० | २ | ० | ० | ० | ३ |
| रोमानिया | ० | ० | १ | १ | ० | १ | १ | ० | ४ |
| बहराइन | १ | ० | १ | ० | ० | १ | १ | ० | ४ |
| कतार | ३ | ५ | ६ | १ | १ | ७ | ३ | ० | २६ |
| कुवेत | ३ | ० | ० | ० | १ | ० | ० | ० | ४ |
| हङगेरी | ० | ० | १ | ० | ० | १ | ० | ० | २ |
| रसिया | २ | ० | ० | ० | ० | ० | ० | ० | २ |
| कुल जम्मा | १७ | २० | १९ | १२ | १४ | २१ | १० | २ | ११५ |

# आ.व. २०८२/०८३ मा सीप, रोजगार तथा उद्यमशीलता केन्द्र मार्फत सम्पन्न गरेका मुख्य-मुख्य क्रियाकलापहरु तथा उपलब्धीहरु

**लघु उद्यम विकास कार्यक्रम अन्तर्गत**

- **नयाँ उद्घमी सृजना तर्फः (मालिका ४)**
  - ✓ ६ दिने उद्यमशिलता विकास तालिम सम्पन्न
  - ✓ १५ जनालाई ३ दिने कुखुरा पालन तालिम सम्पन्न
  - ✓ ५ जनालाई ३ दिने तरकारी खेती तालिम सम्पन्न
  - ✓ कुखुरा पालनको उद्यमीहरुलाई १२ गोटाको दरले १५ जनालाई १८० गोटा चल्ला तथा कुल १० के.जी.का दरले १५० के.जी. दाना वितरण
  - ✓ ५ जनालाई सिल्पाउलिन टनेल (८०/२० प्रतिशत अनुदान)तथा तरकारीको बिउविजन वितरण
- **भैरहेका उद्यमीहरुको स्तरोन्नतिका लागि उपयुक्त प्रविधि हस्तान्तरण तर्फः-**
  - ✓ मालिका गाउँपालिका वडा नं. १ का बाख्रा तथा कुखुरा पालन उद्यमीहरुलाई ८०/२० प्रतिशत लागत सहभागितामा ३ वटा मिल हस्तान्तरण

## महिला बालबालिका तथा जेष्ठ नागरिक इकाई

- हालसम्म जारी गरिएका अपाङ्गता परिचयपत्र सङ्ख्या- २२ जसमध्ये,
  - क वर्गको-३
  - ख वर्गको- १२
  - ग वर्गको- ७
  - घ वर्गको- ०
  - प्रतिलिपी जारि -८
- अपाङ्गता सिफारिस समन्वय समितिको वैठक सञ्चालन- ११ पटक बसेको,
- ४ वटा ज्येष्ठ नागरिक कार्ड वितरण गरिएको,
- बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम अन्तर्गत सुचकहरु सम्बन्धी अभिमूखिकरण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरि परिचालित स्वयंसेविकामार्फत सबै वडामा घरधुरी सर्वेक्षण कार्य सम्पन्न गरिएको र सर्वेक्षणबाट प्राप्त विवरणहरु संकलन ,रुजु तथा प्रमाणिकरणको कार्य सम्पन्न भएको छ। कार्यक्रम बजेटः
- अन्तरजातीय विवाहित जोडीलाई सम्मान कार्यक्रममा २६ जोडीलाई सम्मान तथा नगद प्रोत्साहन रकम प्रदान गरिएको।

# कानुनी मामिला इकाई

- जम्मा उजुरी परेको संख्या : ६
- फर्छ्यौट भएको : ५
- बाँकी : १ ( म्याद तामेली हुन कठिनाई भएकोले)
- न्यायिक समितिको बैठक : १० वटा
- विविध समस्या परेको तथा न्यायिक समितिको बारेमा सहजीकरण : ७६
- मिलापत्रको कार्यान्वयनको सम्बन्धी छलफल : ३ वटा
- मेलमिलाप केन्द्र स्थापना तथा संचालन सम्बन्धी कार्यविधि तयार र कार्यापालिकाबाट अनुमोदन
- आवश्यक पर्ने कानून किताव खरीद भएको
- न्यायिक सम्वाद तथा कानूनी सचेतना सम्बन्धी अभिमुखीकरण संचालन : १८ वटा
- ५ स्थानमा १६ दिने लैंगिक हिंसा विरुद्धको अभियान अन्तरगत अभिमुखीकरण कार्यक्रम संचालन जसमा २६० जना सहभागी
- ६ स्थानमा न्यायिक सम्वाद तथा कानुनी सचेतना सम्बन्धी अभिमुखीकरण सम्पन्न २१० जना सहभागी
- ७ वटा माध्यामिक विद्यालयमा अभिमुखीकरण कार्यक्रम सम्पन्न ३८५ जना विद्यार्थी सहभागी
- ९ वटा कानुनहरु तयार तथा राजपत्रमा प्रकाशन

# प्रतिनिधिमूलक केही फोटाहरु

## मतदाता शिक्षा विशेष कार्यक्रम । प्रशासन जनप्रतिनिधि अन्तरक्रिया कार्यक्रम





# सामाजिक सुरक्षा भत्ता वितरण गरिएको फोटो
















# शैक्षिक छलफल तथा अन्तरक्रिया । पालिका स्तरिय परिक्षा विशेष कार्यक्रम





# राष्ट्रपति रनिङ्ग शिल्ड । सार्वजनिक सुनूवाई कार्यक्रम





मिति -२०८२/०९/२५
रुम स्वास्थ्य चौकीमा क्षयरोग परिक्षण






महिला सामुदायिक स्वा स्वं सेविकाहरुको नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम बिम स्वास्थ्य चौकी २०८३/०१/३०






# हात ट्र्याक्टर तथा टनल वितरण कार्यक्रमका केही तस्विरहरु














# रैथाने बाली प्रवर्द्धन सम्बन्धी तालिम कार्यक्रमहरु































# राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत निर्माण भएका पदमार्गहरु






# हाते ट्याक्टर मर्मत सम्बन्धी सीपमूलक तालिम






# लघु उद्यम विकास तर्फः- सीप विकास तालिम



